# टेम्केमैयुङ  गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**सभाबाट स्वीकृत मितिः २०७५।०३।१०**

**प्रस्तावनाः** **टेम्केमैयुङ** गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम **टेम्केमैयुङ** गाउँ सभाले यो ऐन बनाएको छ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि **टेम्केमैयुङ** गाउँ क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# अनुसुची १ एकिकृत सम्पत्ति कर

एकिकृत सम्पत्ती कर देहाय बमोजिम लगाइन र असुल उपर गरिन छ ।

| क्र. सं. | मूल्याँकन रकम रु. | | | | लाग्ने कर रकम रु. |
|---|---|---|---|---|---|
| १ | रु. १ | देखि | रु. १० लाख | सम्म | रु. १३०।- |
| २ | रु. १० लाख १ | देखि | रु. १५ लाख | सम्म | रु. २५०।- |
| ३ | रु. १५ लाख १ | देखि | रु. २० लाख | सम्म | रु. ३२५।- |
| ४ | रु. २० लाख १ | देखि | रु. २५ लाख | सम्म | रु. ५००।- |
| ५ | रु. २५ लाख १ | देखि | रु. ३० लाख | सम्म | रु. ७५०।- |
| ६ | रु. ३० लाख १ | देखि | रु. ४० लाख | सम्म | रु. १२००।- |
| ७ | रु. ४० लाख १ | देखि | रु. ५० लाख | सम्म | रु. २१००।- |
| ८ | रु. ५० लाख १ | देखि | रु. ७५ लाख | सम्म | रु. ३५००।- |
| ९ | रु. ७५ लाख १ | देखि | रु. १ करोड | सम्म | रु. ६७५०।- |
| १० | रु. १ करोड १ | देखि | रु. १ करोड ५० लाख | सम्म | रु. १२०००।- |
| ११ | रु. १ करोड ५० लाख १ | देखि | रु. २ करोड | सम्म | रु. १६०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | रु. २ करोड १ | देखि | रु. २ करोड ५०लाख | सम्म | रु. २५०००।- |
| १३ | रु. २ करोड ५० लाख १ | देखि | रु. ३ करोड | सम्म | रु. २८५००।- |
| १४ | रु. ३ करोड १ | देखि | रु. ३ करोड ५० लाख | सम्म | रु. ३२०००।- |
| १५ | रु. ३ करोड ५० लाख १ | देखि | रु. ४ करोड | सम्म | रु. ३५५००।- |
| १६ | रु. ४ करोड १ | देखि | रु. ४ करोड ५० लाख | सम्म | रु. ३९०००।- |
| १७ | रु. ४ करोड ५० लाख १ | देखि | रु. ५ करोड | सम्म | रु. ४२५००।- |
| १८ | रु. ५ करोड १ | देखि | माथीको मुल्यांकनमा | | रु. २ रुपैंया प्रति हजार |

एकिकृत सम्पति कर प्रत्येक आर्थिक बर्षको जेठ मसान्त सम्म बुझाई सक्नु पर्ने छ। असार को १५ गते सम्म बुझाएको मा ५ प्रतिशत आ व को असार १५ देखि असार मसान्त भित्र बुझाएमा १० प्रतिशत थप शुल्क र आ असार मसान्त भित्र नबुझाएमा ३० प्रतिशत थप शुल्क लाग्ने छ ।

# अनुसुची २

## घर बहाल कर

गाँउपालिका क्षेत्रभित्र कुन व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा घरधनीवाट रु. १०% का दरले वहाल कर लगाइने र असुल गरिनेछ ।

# अनुसुची ३
## व्यवसाय कर

| सि.नं | व्यवसायका नाम | आ व २०७४।७५ | आ व २०७५।७६ |
|---|---|---|---|
| १ | किराना पसल | | |
| | श्रेणी क | ८०० | ८०० |
| | श्रेणी ख | ६०० | ६०० |
| | श्रेणी ग | ५०० | ५०० |
| २ | थोक बिक्रेता | १००० | १००० |
| ३ | होटल एण्ड लज | ८०० | ८०० |
| ४ | रेस्टुरेण्ट | १००० | १००० |
| ५ | रेस्टुरेण्ट एण्ड वार | ४००० | ४००० |
| ६ | होटल | ४०० | ४०० |
| ७ | मासु पसल | १००० | १००० |
| ८ | चिया नास्ता पसल | ४०० | ४०० |
| ९ | मिठाई पसल | ७०० | ७०० |
| १० | कपडा पसल | | ० |
| | श्रेणी क | १००० | १००० |
| | श्रेणी ख | ८०० | ८०० |
| | श्रेणी ग | ५०० | ५०० |
| ११ | फेन्सी तथा तयारी पोशाक पसल | ७०० | ७०० |
| १२ | श्रृगार सामाग्री पसल | ६०० | ६०० |
| १३ | निमाण व्यवसाय तथा हार्डवेयर पसल | | ० |
| | श्रेणी क | २५०० | २५०० |

| | | | |
|---|---|---|---|
| | श्रेणी ख | २००० | २००० |
| | श्रेणी ग | १५०० | १५०० |
| १४ | भाडा बर्तन पसल | ८०० | ८०० |
| १५ | सुन चाँदी तथा गहना पसल | | ० |
| | श्रेणी क | ३००० | ३००० |
| | श्रेणी ख | २५०० | २५०० |
| १६ | पत्रिका स्टेसनरी पुस्तक पसल | ७०० | ७०० |
| १७ | फोटो स्टुडिया | | ० |
| | श्रेणी क | १००० | १००० |
| | श्रेणी ख | ५०० | ५०० |
| १८ | दन्त हस्पिटल | ३००० | ३००० |
| १९ | निजि अस्पताल,नर्सिड होम | ५००० | ५००० |
| २० | निजि क्लिनिक | १५०० | १५०० |
| २१ | भेटनरी चिकित्सा | ७०० | ७०० |
| २२ | चश्मा पसल | ७०० | ७०० |
| २३ | स्टिल फर्निचर पसल | १५०० | १५०० |
| २४ | काठको फर्निचर उधोग | १२०० | १२०० |
| २५ | ब्युटि पार्लर | ७०० | ७०० |
| २६ | टेलरिङ्ग सेन्टर,पसल | ५०० | ५०० |
| २७ | दुग्ध उत्पादन तथा बितरण | १००० | १००० |
| २८ | साईन बोर्ड बनाउने तथा आट पसल | १००० | १००० |
| २९ | घडी,रेडियो,क्यासेट, सिडी पसल इलेक्टोनिक सामान बिक्री पसल | १००० | १००० |

| | | | |
|---|---|---|---|
| ३० | प्रिन्टिङ्ग प्रेश,छपाई तथा प्रकाशन असेट प्रेस सहित<br>खरिद | १८०० | १८०० |
| ३१ | प्रिन्टिङ्ग प्रेश,छपाई तथा प्रकाशन असेट प्रेस वाहेक<br>खरिद | १२०० | १२०० |
| ३२ | कवाडी व्यवसाय दर्ता | २४०० | २४०० |
| ३३ | आइसक्रिम वेच्ने पसल | २४० | २४० |
| ३४ | मुर्ति /उपहार पसल | २४० | २४० |
| ३५ | सवारी साधन वेच्न पसल | १२०० | १२०० |
| ३६ | पान पसल | २४० | २४० |
| ३७ | माटोका भाडा पसल | २४० | २४० |
| ३८ | माइक्रो हाइड्रा `१०किलोवाट सम्म | २५०० | २५०० |
| ३९ | माइक्रो हाइड्रा १०किलोवाट भन्दा माथि | ६००० | ६००० |
| ४० | हस्तकला समान पसल | २०० | २०० |
| ४१ | वाखा पालन व्यवसाय | ५०० | ५०० |
| ४२ | वंगुर पालन व्यवसाय | १००० | १००० |
| ४३ | दुग्ध व्यवसाय | ५०० | ५०० |
| ४४ | मत्स्य पालन व्यवसाय | ५०० | ५०० |
| ४५ | भेन्यिर उद्योग | ४२०० | ४२०० |
| ४६ | कम्प्युटस गोलिया काठचिरान उद्योग प्रशिक्षण | ३००० | ३००० |
| ४७ | बिजुलीका समान बिकी पसल | १००० | १००० |
| ४८ | मोटर पाटर्स मिल मेसनरी | १५०० | १५०० |
| ४९ | कानुनी तथा प्राबिधिक परामश सेबा | ५००० | ५००० |

| | | | |
|---|---|---|---|
| ५० | लेखा पढि व्यवसायी | १००० | १००० |
| ५१ | नेपाल सरकारका पुण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंक | | ० |
| | श्रेणी क | २५००० | २५००० |
| | श्रेणी ख | १८००० | १८००० |
| | श्रेणी ग | ९००० | ९००० |
| | श्रेणी घ | ४००० | ४००० |
| ५२ | सहकारी बैंक | १४०० | १४०० |
| ५३ | बिमा कम्पनि | १२००० | १२००० |
| ५४ | ढुवानि सेवा | २००० | २००० |
| ५५ | टि.भी,कम्प्युटर,टेलिफोन,पंखा,डेग,रेडियो, क्यालकुलेटर<br>घडी, एम्लिफायर,माईक आदि मर्मत | १००० | १००० |
| ५६ | हल्का पेय पदार्थ,जुस उत्पादन उधोग | १००० | १००० |
| ५७ | पाउरोटि,केकापेस्टि,डुनट उधोग | १००० | १००० |
| ५८ | नुडल्स उधोग | १००० | १००० |
| ५९ | कुटानी पिसानी उधोग | १००० | १००० |
| ६० | कृषि,मल,बिउ,औजार तथा टिटनासक औषधी | १००० | १००० |
| ६१ | होजियारी पसल | ५०० | ५०० |
| ६२ | पेटोल पप्प | ३००० | ३००० |
| ६३ | फलामको घरेलु सामान बिकी पसल | ५०० | ५०० |
| ६४ | पोल्टि  फर्म | ५०० | ५०० |

| | | | |
|---|---|---|---|
| ६५ | अलैची ब्यापार : प्रति मन | ५०० | ५०० |
| ६६ | अलैची ब्यापार : दर्ता | २५०० | २५०० |
| ६७ | खोटा संकलन | २००० | २००० |
| ६८ | रेडियो,एफ एम प्रशारण केन्द | १००० | १००० |
| ६९ | रुदाक्ष दर्ता | १५००० | १५००० |
| ७० | ढाका बुनाई,बेत बाँस फर्निचर | १००० | १००० |
| ७१ | इँटा  टायल उधोग | ३००० | ३००० |
| ७२ | विरुबा नर्सरी | ८०० | ८०० |
| ७३ | भाषा प्रशिक्षण कोचिङ्ग सेन्टर | १००० | १००० |
| ७४ | मनि टान्सफर | २५०० | २५०० |
| ७५ | निजि क्षेत्रका क्याम्पस | १८०० | १८०० |
| ७६ | सिनेमा हल | ह्ण्ण्ण्।□ | ह्ण्ण्ण्।□ |
| ७७ | औषधी पसल | २००० | २००० |
| ७८ | पुल स्नुकर | १२०० | १२०० |
| ७९ | हस्तकला समान पसल | २०० | २०० |
| ८० | मोटर साईकल मर्मत | १००० | १००० |
| ८१ | बस तथा ह्याभी गाडी मर्मत ग्यारेज | २००० | २००० |
| ८२ | शैलुन | ५०० | ५०० |
| ८३ | समान ढुवानी कता  कम्पनी तथा कुरियर्स | १५०० | १५०० |
| ८४ | चिठ्ठीपत्र कुरियर्स | ५०० | ५०० |
| ८५ | कम्प्युटर प्रशिक्षण | १००० | १००० |
| ८६ | केबुल व्यवसाय | ६००० | ६००० |
| ८७ | खनिज उधोग | २४०० | २४०० |

| | | | |
|---|---|---|---|
| ८८ | फलफुल तथा तरकारी खुदा पसल | ५०० | ५०० |
| ८९ | हबाइ सेवा | २००० | २००० |
| ९० | मध्य बजारक्षेत्र भन्दा बाहिरका ग्रामिण क्षेत्रमा खोलिएका किरान पसल तथा साना होटल | ३०० | ३०० |
| ९१ | भाडा उधोग तिन लाख भन्दा साना | ५०० | ५०० |
| ९२ | भाडा उधोग तिन लाख भन्दा माथि | १५०० | १५०० |
| ९३ | निमाण व्यवसायी गाँउपालिका भित्र रहेको | ३००० | ३००० |
| ९४ | निजि क्षेत्रका बिद्यालय | १००० प्रा.वि | १००० प्रा.वि |
| | | १५०० नि.मा.वि. | १५०० नि.मा.वि. |
| | | २५०० मा.बि | २५०० मा.बि |
| ९५ | उच्च मा.बि. | ४००० | ४००० |
| ९६ | अन्तर्राष्टिय गैरसरकारी संस्था | ६००० | ६००० |
| ९७ | तालिम तथा अनुसन्धान केन्द्र | २४०० | २४०० |
| ९८ | बैदेशिक रोजगार सेबा प्रदान गर्ने म्यान पावर कम्पनी | ५००० | ५००० |
| ९९ | सीपमुलक स्वरोजगार सेवा प्रदान गर्ने संस्था | ५०० | ५०० |
| १०० | जुता चप्पल पसल | ५०० | ५०० |
| १०१ | भिडियो मेकर, फक्लेक्सप्रिटिङ्ग विविध लागत हेरी | १८०० | १८०० |
| १०२ | मनोरञ्जन कर | प्रवेश शुल्कको तीन प्रतिशत | प्रवेश शुल्कको तीन प्रतिशत |

| | | | |
|---|---|---|---|
| १०३ | डिष्टीलरी मदिरा व्यावसाय थोक बिकेता | २००० | २००० |
| १०४ | पार्क उडयान पिक्निक ,स्पाट शुल्क | १००० | १००० |
| १०५ | कन्सल्टेन्सी संस्था दर्ता | १२०० | १२०० |
| १०६ | हाउजिङ्ग कम्पनी तथा धर जग्गा खरिदविक्रि व्यवसाय दर्ता | ३००० | ३००० |
| १०७ | डिसहोम सेवा कम्पनी | ९००० | ९००० |
| १०८ | सोलर विद्युत सामाग्री पसल | ३००० | ३००० |
| १०९ | कृषि तथा वनजन्य उद्योग | ३००० | ३००० |
| ११० | सघ सस्था दर्ता | ० | १००० |

# अनुसुची ४

## जडिबुटी, कवाडी जिवजुन्तु कर :

चिराईतो प्रति मन २००

सतुवा प्रति मन ३५० तथा विविध जडिबुटि प्रति मनको बिक्रि कर को ५ प्रतिशत

# अनुसुची ५

## सवारी साधन कर

वार्षिक सवारी कर (गाँउ क्षेत्र भित्र) का दर रेट देहाय बमोजिम लगाइन र असुलउपर गरिन छ। र गाँउपालिका भित्र सरकारी कामको लागि प्रयोग भएका सवारी साधनमा १० प्रतिशत कर लगाइने छ।

| सि.नं. | सवारीका प्रकृति वार्षिक शुल्क रु. | आ व २०७४।७५ | आ व २०७५।७६ |
|---|---|---|---|
| १ | बस, ट्रक तथा अन्य ह्याभी गाडी | ४००० | ४००० |

| | | | |
|---|---|---|---|
| २ | भाडाका कार जीप | १००० | १००० |
| ३ | भाडाका मिनी बस | १५०० | १५०० |
| ४ | निजी कार, निजी  मिनी बस | २००० | २००० |
| ५ | स्कुटर, मोपेड, मोटर साइकल तथा अन्य सवारी | ५०० | ५०० |
| ६. | ठेलागाडा तथा अन्य यस्ता प्रकारका सवारी साधन | २५ | २५ |

पटके सवारी करको दररट देहाय बमोजिम असुल उपर गरिने छ।

| सि न | सवारीका प्रकृति | एक पटकका रु आ.व.२०७४/७५ रु | आ.व.२०७५/७६ रु |
|---|---|---|---|
| १ | बस, ट्रक, ट्रयाक्टर तथा अन्य  ह्याभी सवारी साधनहरु | ३० | ३० |
| २ | सानो जीप कार | २० | २० |

# अनुसुची ६

## विज्ञापन कर :

गाँउपालिकाले निषेध नगरिएका क्षेत्रमा विज्ञापन कर वार्षिक रु.  ५००।०० लगाइने र असुल उपर गरिने छ।

| | | | |
|---|---|---|---|
| १ | विज्ञापन कर | आ व २०७४।७५ | आ व २०७५।७६ |
| | क) व्यावसायिक प्रयोजन प्रति वर्ग  फिट वार्षिक | ३०।- | ३०।- |

| | | | |
|---|---|---|---|
| | ख) सुचना मुलक प्रति वर्ग फिट वार्षिक | १५।- | १५।- |
| | ग) तुल व्यानर प्रती एक प्रत्येक हप्ता | १००।- | १००।- |
| | घ) भित्ते लेखन प्रति वर्ग फुट | १०।- | १०।- |

# अनुसुची ७

# मनोरञ्जन कर

मनोरञ्जन कर प्रवेश शुल्कका ३ प्रतिशत लगाइने र असुल उपर गरिनेछ ।

# अनुसुची ८

# बहाल विटौरी कर

| क.सं. | विवरण | आ व २०७४।७५ रु | आ व २०७५।७६ रु | कैफियत |
|---|---|---|---|---|
| १ | रांगाको मासुपसल (प्रति रांगो) | २०० | २०० | |
| २ | सुंगुरको मासुपसल ( प्रति सुंगुर) | १५० | १५० | |
| ३ | कुखुरा प्रतिगोटा | १५ | १५ | |
| ४ | जडीवुटी पसल | ३० | ३० | |
| ५ | जिउंदा रांगो प्रतिगोटा | १०० | १०० | |
| ६ | हाट बजार | २५ | २५ | |

| | | | | |
|---|---|---|---|---|
| ७ | पाउरोटी पसल | १५ | १५ | |
| ८ | माटाका भाडा पसल | ३० | ३० | |
| ९ | तयारी कपडा जुत्ता पसल | ८० | ८० | |
| १० | हरेक माल खुद्रा घुमन्ते पसल | ३५ | ३५ | |
| ११ | खसी बोकाको मासु पसल | १०० | १०० | |
| १२ | राडी गलैंचा  पसल | ६० | ६० | |
| १३ | घुमन्ते जादु प्रदर्शनी | ६० | ६० | |
| १४ | कस्मेटिक  श्रृंगार सामान पसल | ६० | ६० | |
| १५ | स्थानीय उत्पादित फलाम औजार पसल | ३० | ३० | |
| १६ | छालाका सामान पसल | २५ | २५ | |
| १७ | चटपटे पसल | ३० | ३० | |
| १८ | धातुका भांडा पसल | ८० | ८० | |

क. ढक तराजुको नाप इकाइमा विकी हुने खाद्यान्न दाल चामल, आदि सामानहरुका कर निर्धारणगर्नप्रयोजनका लागि  वढीमा ५० केजी सम्मको सामानलाई प्रति इकाइ मानी  तोकिएको दरमा हटियाकर असुल गर्ने र सो भन्दा  वढीको सामानहरुका हकमा प्रति ५०।५० केजीको शुरु तोकिएका दरमा खप्टयाएर हटियाकर असुल उपर गरिनेछ ।

ख. उल्लेखित  निर्णयमा समावेश हुन छुट भएका सामानहरुका विकीका लागि शनिवार हटियामा आएका सामानहरुका रु.२५।०० प्रति व्यापारी  असुल गरिनेछ ।

# अनुसुची ९

## पार्किङ शुल्क

| क.सं. | विवरण | आ व २०७४।७५ | आ व २०७५।७६ | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | पार्किङ्ग शुल्क दैनिक | | | |
| १ | क वस ट्रक मिनिवस | २०।- | २०।- | |
| २ | ख टयाक्सी भ्यान माईक्रोवस | १०।- | १०।- | |
| ३ | ग निजि जिप कार | १०।- | १०।- | |
| ४ | मोटर साईकल स्कुटर | ५।- | ५।- | |

# अनुसुची १०

# सेवा शुल्क,दस्तुर

गाँउपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएका सेवामा सेवाग्राहीवाट देहाय वमोजिम शुल्क लगाइन र असुल उपर गरिन छ।

| सिं न. | सेबाको किसिम | आ व २०७४।७५ रु | आ व २०७५।७६ रु |
|---|---|---|---|
| १ | कार्यालयवाट गरिने सामान्य सरजिमिन | २०० | २०० |
| २ | स्थलगत सरजमीन | ५०० | ५०० |
| ३ | नक्कल दस्तुर प्रति पाना | ५ | ५ |
| ४ | हरेक निबेदन दर्ता शुल्क पतिगोटा | २० | २० |
| ५ | व्यवसाय दर्ता निवेदन शुल्क | १००० | १००० |
| ६ | स्थलगत प्राविधिक सेवा शुल्क | १२०० | १२०० |

| | | | |
|---|---|---|---|
| ७ | साँध सीमाना प्रमाणित पक्की सडक क्षेत्रको<br>कच्ची सडक क्षेत्रको | क्रमश ६००<br>३०० | क्रमश ६००<br>३०० |
| ८ | साँध सिमाना प्रमाणीत कच्ची सडक क्षेत्र | ३०० | ३०० |
| ९ | नागरिकता प्रमाणपत्र सिफारिस अनुसुचि १, २, ३ | क्रमश ३००, २००, १०० | क्रमश ३००, २००, १०० |
| १० | सरजमीन गर्न परेमा | ५०० | ५०० |
| ११ | जग्गा नामसारी सिफारिस न्युनतम १५ रोपनि सम्म र सो भन्दा माथि | ५०० थप रु ३०। का दरले | ५०० थप रु ३०। का दरले |
| १२ | नाम थर संशोधन सरजमीन समेत | ५०० | ५०० |
| १३ | नाम थर संसोधन सिफारिस | ३०० | ३०० |
| १४ | निजी जग्गाका रुख कटानका लागि जिल्ला वन कार्यालयमा<br>सिफरिश क्रमश उत्तिसप्रति पिस , रातो पातले वा अरु प्रति पिस | क्रमश रु २५ रु ३० | क्रमश रु २५ रु ३० |
| १५ | व्यापार व्यवसाय नामसारी दस्तुर | १००० | १००० |
| १६ | घर कायम पक्की | ६०० | ६०० |
| १७ | घर कायम कच्ची | ३६० | ३६० |
| १८ | बन्दुक नविकरण | १५०० | १५०० |
| १९ | छुट जग्गा दर्ता प्रति रोपनी | १२०० | १२०० |
| २० | निजी धारा विद्यूत टेलिफान जडान | ५०० | ५०० |
| २१ | आचरण सम्वन्धी सिफारिस | ५०० | ५०० |
| २२ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क<br>(३५ दिन सम्म निशुल्क) | २०० | २०० |
| २३ | विवाह प्रमाणीकरण स्वदेशी दुलही संग | ३०० | ३०० |
| २४ | विदेशी दुलही संग | १००० | १००० |

| | | | |
|---|---|---|---|
| २५ | अविवाहित प्रमाणिकरण | ५०० | ५०० |
| २६ | सडक दूरी प्रमााणित | ५०० | ५०० |
| २७ | जन्म प्रमाणीकरण | ३०० | ३०० |
| २८ | नाता प्रमाणित | ५०० | ५०० |
| २९ | बसोबास प्रमाणित | ३०० | ३०० |
| ३० | नाफा मुलक संस्था दर्ता सिफारिश | १५०० | १५०० |
| ३१ | सेवा मुलक संस्था दर्ता सिफारिश | ५०० | ५०० |
| ३२ | निजी विद्यालय थप कक्षा संचालन सिफारिस | आधाारभूत तह ६०० ।- | आधाारभूत तह ६०० ।- |
| ३३ | निजी विद्यालय संचालन सिफारिस | माध्यमिक तह १२०० ।- | माध्यमिक तह १२०० ।- |
| ३४ | मोही नाम सारी सिफारिस | ५०० | ५०० |
| ३५ | ठुला उद्योग स्थापना सिफारिस | १०००० | १०००० |
| ३६ | मझौला उद्योग स्थापना सिफारिस | ५००० | ५००० |
| ३७ | साना उद्योग स्थापाना सिफारिस | ६०० | ६०० |
| ३८ | जीण रुखको हांगा विंगा छांटकांट स्वीकृती | ६०० | ६०० |
| ३९ | नेपाली पेन्सन पटा सम्वन्धी सिफारिस | ५०० | ५०० |
| ४० | भारतीय पेन्सन पटा सम्वन्धी सिफारिस | १००० | १००० |
| ४१ | अन्य मुलुकको पेन्सन पटा सम्वन्धी सिफारिस | २००० | २००० |
| ४२ | अपुताली संवन्धी सिफारिस | १००० | १००० |
| ४३ | अन्य अंग्रेजी रुपान्तरित प्रमाणित कागजात | ५०० | ५०० |
| ४४ | आय प्रमााणित ५,००,००० लाख सम्म | १००० | १००० |
| ४५ | त्यसपछि रु १०,००,००० ।- सम्म | १२०० | १२०० |

| | | | |
|---|---|---|---|
| ४६ | १००००००।-देखि माथि १५०००००।-लाख सम्म | १८०० | १८०० |
| ४७ | १५०००००।- देखि २००००००।-सम्म | २००० | २००० |
| ४८ | सोभन्दा माथि | ०.००१ प्रतिशत | ०.००१ प्रतिशत |
| ४९ | जग्गा मूल्यांकन प्रति सय | ०.२० पैसा | ०.२० पैसा |
| ५० | घुमन्ते जादुगर | ६०० | ६०० |
| ५१ | सकर्स इलेक्ट्रोनिक पिङ समेत प्रति दिन | ६०० | ६०० |
| ५२ | उद्योग धन्दा नामसारी सिफारिश | १०००० | १०००० |
| ५३ | पेट्रोल पम्प स्थापना सिफारिश | ५००० | ५००० |
| ५४ | व्यक्तिगत घटना दर्ताको पतिलिपि | २०० | २०० |
| ५५ | गाँउपालिका कार्यालयको वैठक कक्ष प्रति दिन | १००० | १००० |
| ५६ | नावालक परिचय पत्र सिफारसि | २०० | २०० |
| ५७ | नावालक पासपोट सिफारसि | २०० | २०० |
| ५८ | अपाङ्गताका परिचयपत्र सिफरिस | २०० | २०० |
| ५९ | साधारण सिफारिस तथा वक्सौनि दस्तुर | ५०० | ५०० |
| ६० | वन्दुक नविकरण | १२०० | १२०० |
| ६१ | वारिसनामा पेन्सन तथा निवृत्तीभरण सिफारिस दस्तुर | ५०० | ५०० |
| ६२ | राँगा तथा ठुला पशुजन्य वस्तुहरुको मासुपसल सिफारिस | १००० | १००० |
| ६३ | खेलोना उपाहार गिफट विक्रेता | १००० | १००० |
| ६४ | मोटरसाईकल सोरुम पसल | ३००० | ३००० |

| | | | |
|---|---|---|---|
| ६५ | ह्यावी गाडी तथा टयाक्टरको सोरुम | ५००० | ५००० |
| ६६ | कपडा उद्योग | ५००० | ५००० |
| ६७ | उर्जा उद्योग | १०००० | १०००० |
| ६८ | हाइड्रो पावर | १०००० | १०००० |
| ६९ | डिलर | | |
| ७० | क) चुरोट विडि जस्ता धुम्रापानमा | १५०० | १५०० |
| ७१ | ख) रिचाज काड | १५०० | १५०० |
| ७२ | ग) हल्का पिय पदार्थ विकी डिलर | १५०० | १५०० |
| ७३ | घ) ग्यास डिलर | १००० | १००० |
| ७४ | ङ) अन्य डिलर | १००० | १००० |
| ७५ | मिनी मार्केट तथा सपिङ्ग कम्पेलेक्स | ५००० | ५००० |
| ७६ | कटिङ ढुङगा गिट्टि, वालुवा इटा सप्लायर्स | १००० | १००० |
| ७७ | व्यायमशाला तथा जिम हाउस | १००० | १००० |
| ७८ | जग्गा पल्टीङ्ग प्रति रोपनी | २००० | २००० |
| ७९ | महोत्सव मेला दस्तुर दिन | १००० | १००० |
| ८० | टेलिफोन टावर पहिलोपटक अनुमति दस्तुर | ५००० | ५००० |
| ८१ | टेलिफोन टावर दोस्रो वर्ष देखि नविकरण दस्तुर | ३००० | ३००० |
| ८२ | घुमन्ते व्यापारी कपडा गलैचा किराना व्यापारी | ५०० | ५०० |
| ८३ | क) १ दिन देखि ६ महिना व्यवसाय इजाजत | ५०० | ५०० |

| | | | |
|---|---|---|---|
| ८४ | ख) ६ महिना देखि १ वर्ष व्यवसाय इजाजत | १५०० | १५०० |

**घर जग्गा नक्सा पास सम्बन्धि दस्तुर देहाय बमोजिम हुनेछ।**

| सि.नं. | भवनको प्रकार | दस्तुर प्रति वर्ग फिट रू. |
|---|---|---|
| १. | आर.सि.सि.पिल्लर सिष्टमको हकमा।<br><br>सडकको अबस्थाजग्गाको मूल्याङ्कन अनुसार अनुसार / | ३ देखि ५ सम्म |
| २. | ढुङगा वा ईट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर.सि.सि .को छाना भएको | ३।- |
| ३. | सिमेन्ट जोडाईमा ढुङगा वा ईट्ट वा ब्लकमा सिमेन्ट बालुवाको गारो - जस्ता वा टायलको छाना भएको | २।५० |
| ३.१ | मुल सडक क्षेत्र देखि वाहेक भित्री सडकसँग जोडिएका घरहरू | २।५० |
| ४. | माटोको जोडाईमा ढुङगा वा ईट्टाको गाह्रोमा जस्तापाता लगाएका जस्ता वा खरको छाना भएका कच्ची भवन । | २।५० |
| ५. | अस्थायी कच्ची घर टाटीले बारेको | २।० |

| | | |
|---|---|---|
| ६. | आर.सि.सि .भवन र पिलर सिस्टम् वाहेक,सिमेन्टको जोडाइ,गोदाम,कलकारखाना ,पेट्रोल पम्म, फ्याक्ट्री ,सहकारी संस्था,सामुदायिक भवन आदि भुईतलेको हकमा | २।५० |
| ७. | टिन,टाटीबेरा,तक्ता बेरा भएको गोदाम,कलकारखाना,पेट्रोल पम्म, फ्याक्ट्री,सहकारी संस्था,सामुदायिक भवन आदि )भुईतले टहराको हकमा | २।० |

कम्पाउण्डवालको हकमा नक्सापास दस्तुर :

| सि.नं. | कम्पाउण्डवालको प्रकार | प्रति रनिङ् फिट रू. | कैफियत |
|---|---|---|---|
| १. | सिमेन्ट जोडाईको कम्पाउण्डवाल | ३।० | सीमा पर्खाल )कम्पाउण्ड वाल ( निर्माण गर्दा अधिकतम उचाई १.२ मी .मात्र निर्माण गर्न पाइनेछ । |
| २. | ढुङ्गा र माटो जोडाईको कम्पाउण्डवाल | ३।० | |
| ३. | तारवारको कम्पाउण्डवालढुङ्गा | १।० | |

अन्य लाग्ने दस्तुर

निवेदन दस्तुर रू .१०।००-

नक्सा पास पुस्तिका दस्तुर रू .५००।००-

भौतिक पूर्वाधार शुल्क रू .५००।००-

धरौटी वापत रू .नक्सापास दस्तुर वापत लाग्ने रकमको १०० प्रतिशत

सर्जमिन दस्तुर रू.५००।००-

नक्सा नामसारी पैत्रिक रू.५००।००-

नक्सा नामसारी खरिद विक्री रू.५००।००-

घर निर्माण सम्पन्न प्रमाण पत्र वापत रू .५००।००